# सबै वडामा मुख्यमन्त्री रोजगार कार्यक्रम

**रजनी योगी**
*सुर्खेत, माघ २८ गते*

कर्णालीका सबै वडामा 'मुख्यमन्त्री रोजगार कार्यक्रम' लागु भएको छ। यसअघि १५ वटा वडामा कार्यक्रम कार्यान्वयन हुन सकेको थिएन। चालु आर्थिक वर्षदेखि प्रदेशका सबै वडामा कार्यक्रम कार्यान्वयनमा ल्याइएको छ।

प्रदेश सरकारले आर्थिक वर्ष २०७६/७७ देखि मुख्यमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन गरेको थियो। त्यसयता प्रदेशका ७१८ वटा वडामध्ये ७०३ वटा वडामा मात्र मुख्यमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन भएको थियो। कार्यक्रमबाट १५ वटा वडा वञ्चित भइरहेका थिए। चालु आवबाट सबै वडामा कार्यक्रम कार्यान्वयन गरिएको प्रदेश सरकारले जनाएको छ। चालु आवको नीति तथा कार्यक्रम र बजेटमा समेटेर कार्यक्रमलाई निरन्तरता दिइएको छ।

प्रदेश सरकारले सञ्चालन गरेको सबैभन्दा बढी प्रभावकारी कार्यक्रमका रूपमा उक्त कार्यक्रमलाई लिइएको छ। प्रत्येक वर्षको सरकारको बजेट र कार्यक्रममा समेत प्राथमिकतामा पर्दै आएको छ। यस वर्षदेखि प्रदेशका सबै वडा मुख्यमन्त्री रोजगार कार्यक्रममा जोडिएको मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले जनाएको छ। मुख्यमन्त्री रोजगार कार्यक्रममार्फत बेरोजगार व्यक्तिलाई रोजगारीको अवसर उपलब्ध गराउन कर्णाली प्रदेशका सबै वडामा कार्यक्रम कार्यान्वयन गरिएको हो। यो कार्यक्रम स्थानीय तहबाट कार्यान्वयन हुन्छ। यस वर्ष सरकारले मुख्यमन्त्री रोजगार कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी बनाउने योजना बनाएको छ। यस वर्ष एक हजार छ सय व्यक्तिलाई रोजगारीमा जोड्ने लक्ष्य सरकारले राखेको छ। त्यसका लागि एक अर्ब १६ करोड बजेट विनियोजन गरिएको छ।

अहिले प्रदेशका सबै वडामा कार्यक्रम कार्यान्वयन भइरहेको मुख्यमन्त्री कार्यालयका योजना, अनुगमन तथा आर्थिक पूर्वाधार शाखाका नवीन ढकालले बताउनुभयो। उहाँका अनुसार पहिलेभन्दा व्यवस्थित रूपमा कार्यक्रम कार्यान्वयन गर्न लागिएको छ। सरकारले तीन जिल्लाका वडामा २० लाखका दरले बजेट पठाउने गरेको छ। हुम्ला, डोल्पा र मुगु जिल्लाका वडामा योजना कार्यान्वयनका लागि २० लाख बजेट पठाइएको ढकालले बताउनुभयो। अन्य जिल्लाका प्रत्येक वडामा १५ लाखका दरले बजेट पठाउने गरिएको छ।

प्रदेश सरकारले ग्रामीण पूर्वाधार विकासलाई जोड दिएको छ। बेरोजगारीलाई रोजगारी दिने र पूर्वाधार निर्माण गर्ने गरी मुख्यमन्त्री रोजगार कार्यक्रम ल्याइएको हो। कर्णाली प्रदेशका ७९ वटा स्थानीय तहका कुल ७१८ वटा वडामध्ये ६३७ वटा वडा ग्रामीण क्षेत्र रहेका छन्। राष्ट्रिय तथ्याङ्क कार्यालयले गरेको ग्रामीण तथा सहरी क्षेत्रको श्रेणीगत वर्गीकरणसम्बन्धी तथ्याङ्कले यस्तो अवस्था देखाएको हो। कर्णालीका ७५ वटा सहरी र छ वटा वडा सहरोन्मुख भए पनि ६३७ वटा वडा भने ग्रामीण क्षेत्रमा रहेको देखिएको छ। सरकारले सबै स्थानमा पूर्वाधारयुक्त बनाउने नीति अवलम्बन गरेको छ। गाउँ तथा ठाउँ विशेष योजना निर्माण गरेर कार्यक्रम कार्यान्वयन भइरहेका छन्।

# भवन अभावमा त्रिपालमुनि पढाइ



*तस्बिर : वासुदेव शर्मा*

**भूकम्पले विद्यालय भवन भत्किएपछि त्रिपालमुनि पठनपाठन गरिँदै।**

**खलङ्गा समाचारदाता**
*जाजरकोट, माघ २८ गते*

भूकम्प गएको १५ महिनासम्म पनि विद्यालय भवन नबन्दा यहाँको एक विद्यालयले अझै पनि बालबालिकालाई त्रिपालमुनि पढाइरहेको छ। छेडागाड नगरपालिका-७, टीकाचौरस्थित भानुभक्त आधारभूत विद्यालयका भवन अहिलेसम्म पनि नबन्दा दयनीय अवस्थामा पठनपाठन सञ्चालन गरिँदै आएको छ। गत वर्षको कात्तिक १७ गते जाजरकोटको बारेकोट केन्द्रविन्दु भई गएको भूकम्पले सो विद्यालयको दुईतले पक्की र कच्ची गरी दुई वटा विद्यालय भवन भत्किएपछि बालबालिका त्रिपालमुनि पढिरहेका हुन्। भूकम्प गएको लामो समय विद्यालयको भवन निर्माणका लागि सरकारले बेवास्ता गर्दा बालबालिकालाई पठनपाठनमा समस्या भएको हो।

विसं २०३४ मा एक रोपनी जग्गामा कच्ची भवन निर्माण गरी प्राथमिक तह सञ्चालन गरिएको थियो। कक्षा १ देखि ८ सम्म पठनपाठन हुने सो विद्यालयमा अहिले पनि त्रिपालमुनि पठनपाठन भइरहेको छ। विद्यालयका प्रधानाध्यापक गणेशबहादुर नेपाली बादीले भूकम्पले भवन भत्किएपछि त्रिपालमुनि विद्यालय सञ्चालन गर्नु परेको बताउनुभयो। उहाँले लामो समयसम्म सरोकारवाला निकायले ध्यान नदिँदा त्रिपालको ओतमा पठनपाठन भइरहेको जनाउनुभयो। विद्यालय भत्किएपछि सोही स्थानमा त्रिपाल टाँगेर विद्यालय सञ्चालन गर्न समस्या भएपछि विद्यालयका सहयोगी पदमबहादुर बुढामगरले गाउँमै तीन रोपनी जग्गा चन्दा दिएपछि सोही स्थानमा त्रिपाल टाँगेर विद्यालय सञ्चालन भइरहेको छ। भूकम्प गएको डेढ वर्ष बित्न लाग्दा पनि भवन निर्माणमा सरोकारवाला निकायको बेवास्ताका कारण लेकाली भेगमा चिसो मौसममा आगो तापेर, ओढ्ने ओढेर बालबालिका नियमित विद्यालय आउने गरेका छन्। कक्षा १ देखि ८ सम्म ११७ जना बालबालिका अध्ययनरत छन्। दुई जना स्थायी, एक जना नगर अनुदान, एक जना निमावि राहत र दुई जना निजी स्रोत गरी छ जना शिक्षकले पढाइरहेका प्रधानाध्यापक बादीले जानकारी दिनुभयो।

भूकम्पपछि नगरपालिकाले दिएको त्रिपाल र दातृनिकायले दिएका टेन्ट घामपानीले च्यातिएपछि बस्न नमिल्ने भएका छन्। प्रअ बादीका अनुसार सरकारले विद्यालय भवन निर्माणका लागि वितरण गर्दै आएको अनुदान रकम आवश्यकताका आधारमा वितरण नगर्दा दुर्गम गाउँबस्तीका बालबालिका अध्ययन गर्ने भवन निर्माण हुन सकेका छैनन्। जाजरकोट सदमुकाम खलङ्गाबाट एक दिनको पैदल दुरीमा रहेको टीकाचौरमा गरिब, दलित तथा जनजातिको बाहुल्य रहेको छ। विद्यालय भवन नभएपछि हावाहुरी चल्दा र पानी पर्दा पढाइको त कुरा छोडौं, ओत लाग्ने ठाउँसमेत नहुँदा शिक्षक, विद्यार्थी घरतिर दौडिनुपर्ने बादीले बताउनुभयो। उहाँले स्थानीय पालिकालाई विद्यालयको अनुगमन गरी सहयोग गर्न आग्रह गरेको जानकारी दिनुभयो।

# दुर्घटनामा महिलाको मृत्यु

**खलङ्गा समाचारदाता**
*जाजरकोट, माघ २८ गते*

जाजरकोटमा मोटरसाइकल दुर्घटना हुँदा एक महिलाको मृत्यु भएको छ। नलगाड नगरपालिकाको दल्लीबाट सदरमुकाम खलङ्गातर्फ आउँदै गरेको मोटरसाइकल शनिबार बिहान भेरी नगरपालिका-१, रिगौटा मोडमा दुर्घटना हुँदा भेरी नगरपालिका-२, रिसाङकी ४० वर्षीय टली विकको उपचारका क्रममा नेपालगन्ज नर्सिङ होममा मृत्यु भएको हो।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी दिनेश तिमिल्सेनाका अनुसार नलगाड नगरपालिका दल्लीबाट ३३ वर्षीय भीमबहादुर चँदाराले चलाएको भे ५ ख ३६६० नम्बरको मोटरसाइकल सडकबाट तल खसेर दुर्घटना भएको थियो।

## प्रदेश लोक सेवा आयोग
### कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत
**(प्रशासन, दरखास्त व्यवस्थापन तथा प्रकाशन शाखा)**

### प्रदेश निजामती सेवाका पाँचौँ तहका (अप्राविधिक/प्राविधिक) पदहरूको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

सूचना नं. २६०।२०८१-०८२ — प्रकाशित मितिः- २०८१।१०।२९

प्रदेश निजामती सेवाका पाँचौँ तहका अप्राविधिक/प्राविधिक पदहरूको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाबाट पदपूर्ति गर्नुपर्ने देहायका सेवा, समूह, उपसमूहका पदहरूका लागि कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३२ र ३३ बमोजिम बढुवाका लागि सम्भाव्य उम्मेदवारले आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाइ मिति २०८१।१२।०४ गते सम्ममा दरखास्त दिनुहुन सूचित गरिन्छ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन। दरखास्त फाराम आयोगको वेबसाइट **https://ppsc.karnali.gov.np** बाट डाउनलोड गर्न सकिनेछ।

ज्येष्ठता गणना कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३५ बमोजिम हुनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेस गर्ने अन्तिम मितिभित्र आयोगको कार्यालयमा बुझाइसक्नुपर्नेछ। प्राप्त हुन आएका दरखास्तलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रूपमा बढुवा समितिको सचिवालयमा पठाइनेछ।

### उम्मेदवारले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरूः

१. कर्णाली प्रदेश निजामती ऐन, २०८० को दफा २९ बमोजिम बढुवाको लागि उम्मेदवार हुन चाहिने न्यूनतम सेवा अवधि पुगेको हुनुपर्ने र सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा कम्तीमा माध्यमिक शिक्षा परीक्षा (सेकेन्डरी एजुकेसन एक्जामिनेसन) वा सो सरहको शैक्षिक योग्यता हासिल गरेको हुनुपर्नेछ।
२. कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा २० बमोजिम योग्य भएको र दफा ३० बमोजिम बढुवाका लागि अयोग्य नभएको हुनुपर्ने (यसका लागि सम्बन्धित विभागीय प्रमुखबाट प्रमाणित गरिएको कागजात पेस गर्नुपर्नेछ)।
३. दरखास्त फाराम भर्दा राष्ट्रिय किताबखाना (निजामती) वा प्रदेश कर्मचारी अभिलेखालयबाट आफूले पाएको सङ्केत नम्बरसहित अद्यावधिक वैयक्तिक विवरण अनिवार्य रूपमा पेस गर्नुपर्ने।
४. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेस गर्नुपर्ने।
५. दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पस्ट खुलाउनुपर्नेछ। दरखास्त फाराम भर्दा मूल्याङ्कनका लागि गणना हुने पछिल्लो ३ वर्षको कार्य सम्पादन मूल्याङ्कन पेस गरेको कार्यालयको नाम, हालको तहमा अध्ययन बिदा र सेवाकालीन तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण र कर्णाली प्रदेशमा समायोजन भएको पत्र पेस गर्नुपर्ने।
६. कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३२ को उपदफा (१) को खण्ड (ग) बमोजिमको सेवाकालीन तालिमको प्रमाणपत्र पेस गर्नुपर्ने।
७. बढुवाका लागि आवश्यक पर्ने न्यूनतम सेवा अवधि, सेवाकालीन तालिम र शैक्षिक योग्यता कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा २९ बमोजिम हुनुपर्ने।
८. बढुवा सम्बन्धी अन्य व्यवस्था कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० र कर्णाली प्रदेश निजामती सेवा नियमावली, २०८० बमोजिम हुने।

**(क) ज्येष्ठता र कार्यसम्पादनको मूल्याङ्कनद्वारा हुने बढुवा**

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह | पद सङ्ख्या |
|---|---|---|---|
| १. | २७।२०८१-८२ | वरिष्ठ प्रशासन सहायक, प्रदेश प्रशासन, सामान्य प्रशासन | ५ |
| २. | २८।२०८१-८२ | सिनियर एसोसियसन अर्गनाइजर, प्रदेश इन्जिनियरिङ, एग्री इरिगेसन | १ |
| ३. | २९।२०८१-८२ | सब-इन्जिनियर, प्रदेश इन्जिनियरिङ, सिभिल, स्यानिटरी | २ |
| ४. | ३०।२०८१-८२ | प्राविधिक सहायक, प्रदेश कृषि, बागवानी | १ |
| ५. | ३१।२०८१-८२ | प्राविधिक सहायक, प्रदेश कृषि, बाली संरक्षण | १ |
| ६. | ३२।२०८१-८२ | पशु स्वास्थ्य प्राविधिक, प्रदेश कृषि, भेटेरिनरी | १ |
| ७. | ३३।२०८१-८२ | पशु सेवा प्राविधिक, प्रदेश कृषि, ला.पो.डे.डे. | १ |
| ८. | ३४।२०८१-८२ | रेन्जर, प्रदेश वन, जनरल फरेस्ट्री | ४ |
| ९. | ३५।२०८१-८२ | कविराज, प्रदेश स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद | १ |
| १०. | ३६।२०८१-८२ | हेल्थ असिस्टेन्ट, प्रदेश स्वास्थ्य, हे.ई | १ |
| ११. | ३७।२०८१-८२ | ल्याव टेक्निसियन, प्रदेश स्वास्थ्य, मे.ल्या.टे., ज.मे.ल्या.टे. | १ |

**(ख) कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा**

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह | पद सङ्ख्या |
|---|---|---|---|
| १. | ३८।२०८१-८२ | वरिष्ठ प्रशासन सहायक, प्रदेश प्रशासन, सामान्य प्रशासन | ५ |
| २. | ३९।२०८१-८२ | सिनियर एसोसियसन अर्गनाइजर, प्रदेश इन्जिनियरिङ, एग्री इरिगेसन | १ |
| ३. | ४०।२०८१-८२ | सब-इन्जिनियर, प्रदेश इन्जिनियरिङ, सिभिल, स्यानिटरी | २ |
| ४. | ४१।२०८१-८२ | प्राविधिक सहायक, प्रदेश कृषि, एग्री.ईको.एन्ड मार्केटिङ | १ |
| ५. | ४२।२०८१-८२ | प्राविधिक सहायक, प्रदेश कृषि, कृषि प्रसार | १ |
| ६. | ४३।२०८१-८२ | प्राविधिक सहायक, प्रदेश कृषि, बागवानी | १ |
| ७. | ४४।२०८१-८२ | प्राविधिक सहायक, प्रदेश कृषि, बाली संरक्षण | १ |
| ८. | ४५।२०८१-८२ | पशु स्वास्थ्य प्राविधिक, प्रदेश कृषि, भेटेरिनरी | १ |
| ९. | ४६।२०८१-८२ | पशु सेवा प्राविधिक, प्रदेश कृषि, ला.पो.डे.डे. | १ |
| १०. | ४७।२०८१-८२ | रेन्जर, प्रदेश वन, जनरल फरेस्ट्री | ५ |

**दरखास्त दस्तुरः-** रु. ५००।- (पाँच सय रुपियाँ मात्र)

**दरखास्त दस्तुर बुझाउने तरिकाः- https://revenue.fcgo.gov.np/** पोर्टल लगइन गरी दिइएको निर्देशानुसार प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेशको तपसिल बमोजिमको कार्यालय कोड र राजस्व शीर्षकमा दरखास्त दस्तुर जम्मा गरी उक्त रकम जम्मा भएको भौचरको प्रति संलग्न गरी दरखास्त पेस गर्नुपर्नेछ।

**कार्यालय कोडः-** २१०००६८०१६ (प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश)

**राजस्व शीर्षक नं.:-** १४२२४

(राजस्व भौचर दाखिला गर्ने कार्यमा कुनै दुविधा भएमा यस आयोगको फोन नं. ०८३-५९०३०६ मा कार्यालय समयमा सम्पर्क गर्नुहुन अनुरोध छ।)

## प्रदेश लोक सेवा आयोग
### कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत
**(प्रशासन, दरखास्त व्यवस्थापन तथा प्रकाशन शाखा)**

### प्रदेश निजामती सेवा पाँचौँ तहका (प्राविधिक/अप्राविधिक) पदहरूको आन्तरिक अन्तर समूह, अन्तर तह र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापन

सूचना नं. २६१।२०८१-०८२ — प्रकाशित मितिः- २०८१।१०।२९

कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० बमोजिम प्रदेश निजामती सेवाका पाँचौँ तहका देहायका सेवा, समूह र उपसमूहका पदको आन्तरिक अन्तर समूह, आन्तरिक अन्तर तह र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकाले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारले आयोगको अनलाइन दरखास्त प्रणाली **https://ppsconline.karnali.gov.np** बाट अनलाइन दरखास्त दिनुपर्नेछ। आन्तरिक अन्तर समूह, अन्तर तह र खुला प्रतियोगिता तथा समावेशी तर्फको परीक्षा एकीकृत रूपमा एकै पटक सञ्चालन हुनेछ। प्रतियोगितात्मक परीक्षाबाट छनोट भएका उम्मेदवारको प्राथमिकता क्रम अनुसार नियुक्तिका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेशमा सिफारिस गरिनेछ।

**क. पाँचौँ तहका अप्राविधिक पदहरू**

| क्र. सं. | विज्ञापन नं. | पद, सेवा, समूह | पदपूर्ति किसिम/समूह | पद सङ्ख्या | लिखित परीक्षा कार्यक्रम | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | प्रारम्भिक परीक्षा | द्वितीय पत्र | तृतीय पत्र |
| १. | ३०५/ २०८१-०८२ | वरिष्ठ प्रशासन सहायक, प्रदेश प्रशासन, सामान्य प्रशासन | खुला | ६ | २०८१/१२/१९ दिनको ४:३० बजे | दोश्रो चरणको लिखित परीक्षाको मिति प्रथम चरणको नतिजा प्रकाशन हुँदा तय गरिनेछ। | |

**ख. पाँचौँ तहका प्राविधिक पदहरू**

| क्र. सं. | विज्ञापन नं. | पद, सेवा, समूह, उपसमूह | पदपूर्ति किसिम/समूह | पद सङ्ख्या |
|---|---|---|---|---|
| १. | ५४१/२०८१-०८२ | तथ्याङ्क सहायक/मेडिकल रेकर्ड सुपरभाइजर, प्रदेश आर्थिक योजना तथ्याङ्क/तथ्याङ्क | खुला | २ |
| २. | ५४२/२०८१-०८२ | सब-इन्जिनियर, प्रदेश इन्जिनियरिङ, सिभिल, जनरल | खुला | ६ |
| | | सब-इन्जिनियर, इन्जिनियरिङ, सिभिल, स्यानिटरी | खुला | २ |
| | | सब-इन्जिनियर, इन्जिनियरिङ, सिभिल, इरिगेशन | खुला | १ |
| ३. | ५४३/२०८१-०८२ | सब-इन्जिनियर, इन्जिनियरिङ, सिभिल, वि.एन्ड आर्क. | खुला | १ |
| ४. | ५४४/२०८१-०८२ | प्राविधिक सहायक, प्रदेश कृषि, एग्री.ईको.एन्ड एग्री मार्केटिङ | खुला | १ |
| | | प्राविधिक सहायक, प्रदेश कृषि, कृषि प्रसार | खुला | १ |
| | | प्राविधिक सहायक, प्रदेश कृषि, बागवानी | खुला | १ |
| | | प्राविधिक सहायक, प्रदेश कृषि, बाली संरक्षण | खुला | १ |
| | | प्राविधिक सहायक, प्रदेश कृषि, बाली विकास | खुला | १ |
| ५. | ५४५/२०८१-०८२ | पशु स्वास्थ्य प्राविधिक, प्रदेश कृषि, भेटेरिनरी | खुला | १ |
| | | पशु सेवा प्राविधिक, प्रदेश कृषि, ला.पो.डे.डे. | खुला | २ |
| ६. | ५४६/२०८१-०८२ | रेन्जर, प्रदेश वन, जनरल फरेस्ट्री | खुला | ५ |
| | | जलाधार संरक्षण सहायक, प्रदेश वन, स्वायल एन्ड वाटर कन्जरभेसन | खुला | २ |
| | | रेन्जर, प्रदेश वन, फरेस्ट रिसर्च | खुला | १ |
| ७. | ५४७/२०८१-०८२ | असिस्टेन्ट बोटानिस्ट, प्रदेश वन, बोटानी | खुला | १ |
| ८. | ५४८/२०८१-०८२ | प्राविधिक सहायक, प्रदेश शिक्षा, शिक्षा प्रशासन | खुला | १ |
| ९. | ५४९/२०८१-०८२ | रेडियोग्राफर, प्रदेश स्वास्थ्य, रेडियोग्राफी | खुला | १ |
| १०. | ५५०/२०८१-०८२ | फिजियोथेरापी सहायक, प्रदेश स्वास्थ्य, फिजियोथपेरापी | खुला | १ |
| ११. | ५५१/२०८१-०८२ | बायोमेडिकल टेक्निसियन, प्रदेश स्वास्थ्य, विविध, बायोमेडिकल इन्जिनियरिङ | खुला | १ |
| १२. | ५५२/२०८१-०८२ | फार्मेसी सुपरभाइजर, प्रदेश स्वास्थ्य, फार्मेसी | खुला | १ |
| १३. | ५५३/२०८१-०८२ | स्टाफ नर्स, प्रदेश स्वास्थ्य, जनरल नर्सिङ | खुला | २१ |
| १४. | ५५४/२०८१-०८२ | स्टाफ नर्स, प्रदेश स्वास्थ्य, जनरल नर्सिङ | पि.क्षे. | १ |
| १५. | ५५५/२०८१-०८२ | स्टाफ नर्स, प्रदेश स्वास्थ्य, जनरल नर्सिङ | पि.क्षे. महिला | १ |
| १६. | ५५६/२०८१-०८२ | स्टाफ नर्स, प्रदेश स्वास्थ्य, जनरल नर्सिङ | अपाङ्गता भएका व्यक्ति | १ |
| १७. | ५५७/२०८१-०८२ | पब्लिक हेल्थ नर्स, प्रदेश स्वास्थ्य, क.न. | खुला | १ |
| १८. | ५५८/२०८१-०८२ | ईसीजी टेक्निसियन, प्रदेश स्वास्थ्य, विविध, ईसीजी | खुला | १ |
| १९. | ५५९/२०८१-०८२ | एनेस्थेसिया सहायक, प्रदेश स्वास्थ्य, विविध, एनेस्थेसिया | खुला | १ |
| २०. | ५६०/२०८१-०८२ | कविराज, प्रदेश स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद | खुला | १ |
| २१. | ५६१/२०८१-०८२ | हेल्थ असिस्टेन्ट, प्रदेश स्वास्थ्य, हे.ई. | आ.अ.स.प्र. | १ |
| २२. | ५६२/२०८१-०८२ | हेल्थ असिस्टेन्ट, प्रदेश स्वास्थ्य, हे.ई. | अन्तर तह | १ |
| २३. | ५६३/२०८१-०८२ | हेल्थ असिस्टेन्ट, प्रदेश स्वास्थ्य, हे.ई. | खुला | ३ |
| २४. | ५६४/२०८१-०८२ | ल्याव टेक्निसियन, प्रदेश स्वास्थ्य, मे.ल्या.टे., ज.मे.ल्या.टे. | आ.अ.स.प्र. | १ |
| २५. | ५६५/२०८१-०८२ | ल्याव टेक्निसियन, प्रदेश स्वास्थ्य, मे.ल्या.टे., ज.मे.ल्या.टे. | खुला | २ |
| २६. | ५६६/२०८१-०८२ | डायलासिस टेक्निसियन, प्रदेश स्वास्थ्य, विविध, डायलासिस | खुला | १ |

**परीक्षाको किसिमः-** लिखित, प्रयोगात्मक र अन्तर्वार्ता (लिखित परीक्षाको माध्यम, भाषा पाठ्यक्रममा तोकिए बमोजिम हुनेछ)।

**परीक्षा केन्द्रः-** वीरेन्द्रनगर, सुर्खेत, कर्णाली प्रदेश।

**दरखास्त दस्तुरः-** प्रत्येक विज्ञापनका लागि दरखास्त दस्तुर रु.५००।- (पाँच सय रुपियाँ मात्र) बुझाउनुपर्नेछ। समावेशी समूह तर्फका थप विज्ञापनमा दरखास्त दिने उम्मेदवारको हकमा थप समूह प्रत्येकका लागि थप दस्तुर रु. २५०।– (दुई सय पचास मात्र) बुझाउनुपर्नेछ।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थानः-** आयोगको विद्युतीय दरखास्त (Online Application) प्रणालीबाट फाराम Submit गरिसकेपछि Online Payment वा Offline Payment मध्ये एक Option छनोट गरी दरखास्त दस्तुर भुक्तानी गर्ने। Online Payment गर्ने उम्मेदवाहरूले तोकिएको Wallet हरूको प्रयोग गरी तत्कालै भुक्तानी गर्न सकिनेछ। Offline Payment गर्ने उम्मेदवारहरूले तोकिएका बैंकहरूमध्ये कुनै एक बैंक छनोट गरी भौचर प्रिन्ट गरी सम्बन्धित बैंकमा गई दरखास्त दस्तुर बुझाउने अवधिभित्र बुझाइ सक्नुपर्नेछ।

**दरखास्त दस्तुर बुझाउने अवधिः-** अनलाइन माध्यमबाट दरखास्त पेस गरिसकेपछि उम्मेदवारले प्राप्त गरेको Master ID र कारोबार सङ्केत नम्बर उल्लेख भएको भौचरसहित ढिलोमा दोब्बर दस्तुर तिरी दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट कार्यालय समयभित्र (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन) तोकिएको परीक्षा दस्तुर/दोब्बर दस्तुर अनिवार्य रूपमा बुझाइसक्नुपर्नेछ।

**दरखास्तको माध्यमः-** विज्ञापित पदहरूमा अनलाइन प्रणालीमार्फत मात्र दरखास्त बुझाउनुपर्नेछ। अनलाइन प्रणालीमार्फत दरखास्त पेस गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण **https://ppsconline.karnali.gov.np** मा हेर्न सकिनेछ।

**अपलोड गर्नुपर्ने कागजातहरूः-** उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाइन दरखास्त प्रणालीको तोकिएको स्थानमा pdf/jpg file अपलोड गर्नुपर्नेछ। सबै उम्मेदवारले आफ्नो नेपाली नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडिको भाग स्क्यान गरी jpg file अपलोड गर्नुपर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण रूपमा जवाफदेही हुनुपर्नेछ।

**दरखास्त दिने अन्तिम मितिः-** २०८१।११।१९ सम्म र दोब्बर दस्तुर तिरी २०८१।११।२६ सम्म।

**उम्मेदवारको उमेरको हदः-** २०८१।११।१९ सम्म १८ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको, महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको, कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ९ को उपदफा (६) बमोजिमको अपाङ्गता भएका उम्मेदवारको हकमा ४० वर्ष ननाघेको तर सङ्घीय निजामती सेवा, जुनसुकै प्रदेशको प्रदेश निजामती सेवा र स्थानीय सेवाका बहालवाला स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्नेछैन।

**परीक्षा मिति र समयः-** पाँचौँ तह प्राविधिक पदहरूको परीक्षा मिति र समय आयोगको वेबसाइटमा पछि प्रकाशित गरिनेछ।

**अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मिति र स्थान**: लिखित परीक्षाको नतिजा प्रकाशित हुँदाका बखत सूचना गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा, समूह उपसमूह सम्बन्धी।

**तलब, सेवा सर्त तथा सुविधाः-** प्रचलित कानून बमोजिम।

### आवश्यक न्यूनतम योग्यताः

आन्तरिक अन्तरसमूह, अन्तर तह, खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षातर्फ दरखास्त दिने उम्मेदवारले दरखास्त दिने अन्तिम मिति सम्ममा प्रचलित कानून बमोजिम व्यावसायिक परिषद्मा दर्ता हुनुपर्ने भएमा अनिवार्य रूपमा सम्बन्धित व्यावसायिक परिषद्मा दर्ता भई म्याद कायम रहेको हुनुपर्नेछ र कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा २० बमोजिम अयोग्य नभएको तथा कर्णाली प्रदेश निजामती सेवा नियमावली, २०८० को नियम ५ बमोजिम तोकिएका देहाय अनुसारको शैक्षिक योग्यता प्राप्त गरेको हुनुपर्नेछ।

१. **वरिष्ठ प्रशासन सहायक/प्रदेश प्रशासन/सामान्य प्रशासनः** मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा माध्यमिक शिक्षा उतीर्ण परीक्षा (स्कुल लिभिङ सर्टिफिकेट एक्जामिनेसन) वा सो सरह उत्तीर्ण।
२. **तथ्याङ्क सहायक/मेडिकल रेकर्ड सुपरभाइजर/प्रदेश आर्थिक योजना तथ्याङ्क/तथ्याङ्कः** मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्क शास्त्र वा गणित विषय सहित कुनै विषयमा स्नातक वा सो सरह उत्तीर्ण।
३. **सब-इन्जिनियर/प्रदेश इन्जिनियरिङ/सिभिल/जनरलः** मान्यताप्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ/सम्बन्धित इन्जिनियरिङ विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।
४. **सब-इन्जिनियर/प्रदेश इन्जिनियरिङ/सिभिल/स्यानिटरी**ः मान्यताप्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ/सम्बन्धित इन्जिनियरिङ विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।
५. **सब-इन्जिनियर/प्रदेश इन्जिनियरिङ/सिभिल/इरिगेसनः** मान्यताप्राप्त शिक्षण संस्थाबाट सम्बन्धित इन्जिनियरिङ विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।
६. **सब-इन्जिनियर/इन्जिनियरिङ/सिभिल/वि.एन्ड आर्क.:** मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित इन्जिनियरिङ/सिभिल वा आर्किटेक्चर विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।
७. **प्राविधिक सहायक/प्रदेश कृषि/एग्री. ईको. एन्ड एग्री मार्केटिङ/कृषि प्रसार/बागवानी/बाली संरक्षण/बाली विकासः** मान्यताप्राप्त शिक्षण संस्थाबाट आई.एस्सी. एग्री (कृषि विज्ञान) उत्तीर्ण वा एस.एल.सी./टी.एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम तीन वर्ष अवधिको कृषि विषयको डिप्लोमा (Major in Plant Science) उत्तीर्ण वा जे.टी.ए. (कृषि विज्ञान) कोर्ष अध्ययन गरी १ वर्षे जे.टी. (कृषि विज्ञान) कोर्ष उत्तीर्ण।
८. **पशु स्वास्थ्य प्राविधिक/पशु सेवा प्राविधिक/प्रदेश कृषि/भेटेरिनरी/ला.पो.डे.डे.:** मान्यताप्राप्त शिक्षण संस्थाबाट आई. एस्सी. एग्री (पशु विज्ञान) उत्तीर्ण वा एस.एल.सी./टी.एस.एल.सी उत्तीर्ण गरी न्यूनतम तीन वर्ष अवधिको कृषि विषयको डिप्लोमा (Major in animal science) उत्तीर्ण वा जे.टी.ए. (पशु विज्ञान) कोर्ष अध्ययन गरी १ वर्षे जे.टी. (पशु विज्ञान) कोर्ष उत्तीर्ण।
९. **रेन्जर/प्रदेश वन/जनरल फरेस्ट्रीः** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिल्भिकल्चर, वनस्रोत मापन (फरेस्ट मेन्सुरेसन) र वन व्यवस्थापन मूल विषय लिई वन विज्ञानमा प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण।
१०. **रेन्जर/प्रदेश वन/स्वायल एन्ड वाटर कन्जरभेसन/फरेस्ट रिसर्चः** मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञानमा प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण।
११. **असिस्टेन्ट बोटानिस्ट/प्रदेश वन/बोटानीः** मान्यता प्राप्त शिक्षण संस्थाबाट बायोलोजी (बोटानी) विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।
१२. **प्राविधिक सहायक/प्रदेश शिक्षा/शिक्षा प्रशासनः** मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षा शास्त्रमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।
१३. **रेडियोग्राफर/प्रदेश स्वास्थ्य/रेडियोग्राफीः** मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफी विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।
१४. **फिजियोथेरापी सहायक/प्रदेश स्वास्थ्य/फिजियोथपेरापीः** मान्यता प्राप्त शिक्षण संस्थाबाट फिजियोथेरापी विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।
१५. **बायोमेडिकल टेक्निसियन/प्रदेश स्वास्थ्य/विविध/वायोमेडिकल इन्जिनियरिङः** मान्यताप्राप्त शिक्षण संस्थाबाट बायोमेडिकल इन्जिनियरिङ विषयमा प्रमाणपत्र तह उत्तीर्ण।
१६. **फार्मेसी सुपरभाइजर/प्रदेश स्वास्थ्य/फार्मेसीः** मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।
१७. **स्टाफ नर्स/प्रदेश स्वास्थ्य/जनरल नर्सिङः** मान्यताप्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा प्रमाणपत्र तह उत्तीर्ण।
१८. **पब्लिक हेल्थ नर्स/प्रदेश स्वास्थ्य/कम्युनिटी नर्सिङः** मान्यता प्राप्त शिक्षण संस्थाबाट प.हे.न. वा नर्सिङ विषयमा प्रमाणपत्र तह उत्तीर्ण।
१९. **ईसीजी टेक्निसियन/प्रदेश स्वास्थ्य/विविध/ईसीजीः** मान्यता प्राप्त शिक्षण संस्थाबाट सामान्य चिकित्सामा प्रमाणपत्र तह उत्तीर्ण वा विज्ञान विषयमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित विषयमा ९ महिनाको तालिम प्राप्त।
२०. **एनेस्थेसिया सहायक/प्रदेश स्वास्थ्य/विविध/एनेस्थेसियाः** मान्यताप्राप्त शिक्षण संस्थाबाट एच.ए. वा स्टाफ नर्स उत्तीर्ण गरी सम्बन्धित विषयमा १ वर्षको तालिम प्राप्त।
२१. **कविराज/प्रदेश स्वास्थ्य/आयुर्वेद/जनरल आयुर्वेदः** मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद विषयमा प्रमाणपत्र तह उत्तीर्ण।
२२. **हेल्थ असिस्टेन्ट/प्रदेश स्वास्थ्य/हे.ई.:** मान्यता प्राप्त शिक्षण संस्थाबाट सामान्य चिकित्सामा प्रमाणपत्र तह उत्तीर्ण।
२३. **ल्याब टेक्निसियन/प्रदेश स्वास्थ्य/मे.ल्या.टे./ज.मे.ल्या.टे.:** मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ ल्याब विषयमा प्रमाणपत्र तह उत्तीर्ण वा सो सरह।
२४. **डायलासिस टेक्निसियन/प्रदेश स्वास्थ्य/विविध/डायलासिसः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एच.ए. वा स्टार्फ नर्स उत्तीर्ण गरी सम्बन्धित विषयमा तालिम प्राप्त वा सो सरह।

**नोटः मिति २०७८/९/७ भन्दा अघि जारी माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (S.L.C.E.) प्रमाणपत्रको हकमा कक्षा ११ र १२ का प्रत्येक विषयहरू (सैद्धान्तिक एवं प्रयोगात्मक) मा न्यूनतम D+ र Cumulative Grade Point Average (C.G.P.A.) १.६ रहेको शैक्षिक प्रमाणपत्रलाई मान्यता दिइनेछ।**

### खुला तथा समावेशी परीक्षाका लागि सूचना

(क) खुला तथा समावेशीतर्फको लिखित परीक्षाबाट छनोट भएका उम्मेदवारहरूको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा सबै समूह उपसमूहको एकमुष्ट रूपमा प्रकाशन गरिनेछ।
(ख) लिखित परीक्षाबाट छनोट भएका उम्मेदवारले सीप परीक्षण तथा अन्तर्वार्तामा सम्मिलित हुनु अगाडि कार्यालयको प्राथमिकता क्रम अनिवार्य रूपले भर्नुपर्नेछ। सीप परीक्षणमा अनुपस्थित भएका उम्मेदवारहरूलाई अन्तर्वार्तामा समावेश गराइने छैन।

बाँकी पृष्ठ १० मा

# भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता



अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३४ औँ स्थापना दिवसका अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मुख्यमन्त्री चेतनारायण आचार्य ।

**बुटवल समाचारदाता**
*बुटवल, माघ २८ गते*

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले भ्रष्टाचार नियन्त्रणका लागि प्रदेश सरकारले शून्य सहनशीलताको नीति अवलम्बन गरेको बताउनुभएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३४ औँ स्थापना दिवसका अवसरमा सोमबार बुटवलमा आयोजना गरिएको कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले सुशासन प्रवर्धन, जवाफदेहिता, गुनासो सुनुवाइ र सार्वजनिक सेवा प्रवाहलाई गतिशील बनाउन प्रदेश सरकार प्रतिबद्ध रहेको स्पष्ट पार्नुभयो।

मुख्यमन्त्री आचार्यले राजनीतिक अस्थिरताका कारण सुशासनको क्षेत्र खलबलिएको भए पनि अहिले स्थिरता कायम भएको उल्लेख गर्दै भ्रष्टाचार अन्त्यका लागि नागरिक साझेदारी अनिवार्य रहेको धारणा राख्नुभयो। उहाँले भन्नुभयो, "हामीले सुशासन प्रवर्धन गर्न सके भ्रष्टाचार आफैँ समाप्त हुँदै जान्छ। त्यसका लागि सबै तहबाट इमानदार प्रयास आवश्यक छ।"

प्रदेश सरकारले सुशासन प्रवर्धन र भ्रष्टाचार नियन्त्रणलाई प्राथमिकतामा राखेर पाँचबर्से रणनीतिक कार्ययोजना लागु गरिसकेको बताउँदै आफूले मुख्यमन्त्रीको पदबहाली गर्दैगर्दा नै भ्रष्टाचारविरुद्ध रणनीतिक योजना बनाउने निर्णय गरेको जानकारी गराउनुभयो।

मुख्यमन्त्री आचार्यले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिकालाई सकारात्मक बनाउन आग्रह गर्दै साना साना विषयमा पत्र काटेर जनतालाई दुःख दिने कार्य उचित नभएको उल्लेख गर्नुभयो। उहाँले पुर्जा नभएको जग्गामा संरचना बनाउन नहुने भन्दै अख्तियारले पत्र पठाएकाले सार्वजनिक भवन, विद्यालय तथा स्वास्थ्य संस्थाका भवन निर्माणमा समस्या आएको उल्लेख गर्नुभयो।

मुख्यमन्त्रीले सुशासन प्रवर्धनमा सबै पक्षको सहकार्य आवश्यक रहेको बताउँदै प्रदेश सरकारले भ्रष्टाचार नियन्त्रणको अभियानलाई थप सशक्त बनाउँदै जनतामुखी प्रशासनको अवधारणा कार्यान्वयन गर्दै लैजाने उल्लेख गर्नुभयो।

# जग्गा खाली गराउन प्रधानमन्त्रीसमक्ष माग

**बाँके समाचारदाता**
*बाँके, माघ २८ गते*

बाँकेको कोहलपुरस्थित निर्माणाधीन अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशालानजिकै रहेको सरकारी जग्गाको अतिक्रमण हटाउन स्थानीयस्तरबाट भएको पहलकदमीले सार्थकता नपाएपछि प्रधानमन्त्री केपी शर्मा ओलीको ध्यानाकर्षण गराइएको छ। बाँके क्षेत्र नम्बर १ का सांसद सूर्य ढकाल, कोहलपुर नगरपालिकाका प्रमुख पूर्णप्रसाद आचार्य, नेकपा (एमाले) बाँकेका अध्यक्ष नीरक गुरुङ, नेपाली कांग्रेस बाँकेका सभापति नारायण गौडेलसहितको टोलीले आइतबार साँझ प्रधानमन्त्री निवास बालुवाटारमा प्रधानमन्त्रीसँग भेट गरी तत्काल जग्गाको अतिक्रमण हटाउन ध्यानाकर्षण गराएको हो।

कोहलपुरका नगरप्रमुख आचार्यले कोहलपुर नगरविकास समितिको क्रिकेट मैदान आसपासको अरिब २८ बिघा क्षेत्र लामो समयदेखि अतिक्रमणमा परेको जानकारी दिनुभयो। नगरप्रमुख आचार्यले भन्नुभयो, "नगरपालिकाले स्थानीयस्तरमा पहल गरी अतिक्रमण हटाउन खोजे पनि सफल नभएपछि प्रधानमन्त्रीको ध्यानाकर्षण गराएका छौँ, अब सरकारी जग्गाको अतिक्रमण हट्ने आशा जागेको छ।"

जिल्लास्थित सर्वदलीय बैठक बसी अतिक्रमित जग्गामा बनेका घरटहरा हटाउन गरिएको आग्रहका आधारमा गृह मन्त्रालयबाट सूचना प्रकाशन भइसक्दा पनि अतिक्रमण गर्ने पक्षले घरटहरा नहटाएकाले प्रधानमन्त्रीसमक्ष अतिक्रमण हटाउन माग गरिएको हो। प्रतिनिधि सभा सदस्य ढकालले भेटमा प्रधानमन्त्री ओलीले सरकारी सम्पत्तिको संरक्षणका लागि सरकार दृढ रहेको बताउँदै सङ्घीय सरकारका तर्फबाट अतिक्रमित जग्गा खाली गराउन मातहतका निकायलाई निर्देशन दिइने बताउनुभयो।

# ठगेर फरार महिला पक्राउ



ठगीको आरोपमा प्रहरीद्वारा पक्राउ गरिएकी तिर्सना बाठामगर ।

**नेपालगन्ज समाचारदाता**
*नेपालगन्ज, माघ २८ गते*

रोजगारीका लागि विदेश पठाउने भन्दै ठुलो रकम ठगी गरेर फरार रहेकी बाँकेकी एक महिलालाई इलाका प्रहरी कार्यालय कोहलपुरले पक्राउ गरेको छ। वर्किङ भिसामा जापान लैजाने भन्दै विभिन्न व्यक्तिसँग एक करोड रुपियाँभन्दा बढी रकम लिएर फरार रहेकी बाँकेको बैजनाथ गाउँपालिका–५ निवासी वर्ष २३ की तिर्सना बाठामगरलाई कोहलपुर प्रहरीले पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय बाँकेका प्रवक्ता एवं डिएसपी आयुषप्रसाद जोशीले बताउनुभयो।

उहाँले वैदेशिक रोजगारका लागि जापानको वर्किङ भिसामा लैजाने भनी विभिन्न व्यक्तिसँग प्रतिव्यक्ति १४ देखि १५ लाख रुपियाँका दरले एक करोड २३ लाख रुपियाँ सङ्कलन गरी दुई/तीन महिनादेखि सम्पर्कविहीन भएकोमा वैदेशिक रोजगार विभागमा मुद्दा दर्ता भई पक्राउ पुर्जी जारी भएपछि बाठामगरलाई पक्राउ गरिएको डिएसपी जोशीले बताउनुभयो।

ठगीमा संलग्न बाठामगरलाई इलाका प्रहरी कार्यालय कोहलपुरबाट खटिएको प्रहरी टोलीले पक्राउ गरी थप अनुसन्धान एवं कारबाही प्रक्रिया अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएको छ।

# राहत नपाउँदा चिन्तित

**तम्घास समाचारदाता**
*तम्घास, माघ २८ गते*

गुल्मीमा वन्यजन्तुबाट खाद्यबाली र पशुधनको क्षति भएका किसानले लामो समयदेखि राहत पाउन सकेका छैनन्। आर्थिक वर्ष २०८०/८१ को साउन महिनादेखि राहत सहयोगका लागि किसानले निवेदन दिए पनि राहत पाउन नसकेको किसानले गुनासो गरेका छन्।

डिभिजन वन कार्यालय गुल्मीमा वन्यजन्तुबाट भएको बालीनाली र पशुधन क्षतिका लागि १०५ जना किसानले निवेदन दिएका छन्। जस अन्तर्गत ४२ जना किसानको बालीनाली र ६३ जनाले पशुधनमा क्षति पुगेको छ। किसानले निवेदन दिएको डेढ वर्षसम्म पनि राहत नपाएपछि अब राहत पाउने आशा हराउँदै गएको कृषक डोरबहादुर घर्तीले बताउनुभयो।

चितुवाले खोरमा पसेर माउबाख्रा खाइदिएपछि राहतका लागि मुचुल्का बनाएर कार्यालयमा निवेदन दिएको उहाँले बताउनुभयो। किसानले दिएको निवेदनका आधारमा जिल्लामा रहेको मूल्याङ्कन समितिले राहतका लागि प्रदेश मन्त्रालयमा सिफारिस गरी पठाउने गर्दछ।

राहतका लागि माछा वा कुखुराको हकमा मूल्याङ्कनका आधारमा वर्षमा एक पटक बढीमा १० हजार रुपियाँ, बाख्राको हकमा प्रतिबाख्रा १० हजार र गाईभैँसी, राँगो, उन्नत जातको गाई, घोडा, खच्चड, चौँरीलगायतको हकमा ६० हजार रुपियाँसम्म क्षतिपूर्ति दिने व्यवस्था रहेको डिभिजन वन कार्यालय गुल्मीका वरिष्ठ वन अधिकृत मदन सापकोटाले जानकारी दिनुभयो। उहाँले प्रदेशमा बजेट सुनिश्चित नभएका कारण किसानलाई समयमा राहत उपलब्ध गराउन नसकिएको बताउनुभयो।

# चौँतिस हजार नागरिकको आँखा उपचार

**गुल्मी समाचारदाता**
*गुल्मी, माघ २८ गते*

नेपाल नेत्रज्योति सङ्घ जिल्ला शाखा गुल्मीले वार्षिक करिब ३४ हजार नागरिकको आँखा उपचार र पाँच सयभन्दा बढीको शल्यक्रिया गरेको पाइएको छ।

२०४९ सालमा स्थापना भएको यस शाखाले गुल्मीसँगै छिमेकी जिल्लाका आँखाका रोगीलाई सेवा प्रदान गर्दै आएको छ। यस शाखा अन्तर्गत जिल्ला आँखा उपचार तथा शल्यक्रिया केन्द्र गरी गुल्मीमा छ वटा आँखा उपचार केन्द्र सञ्चालित छन्।

नेपालको अन्धोपन निवारण र आँखा उपचार सेवालाई सबै नागरिकको पहुँचमा पुर्‍याउन शाखाले सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारसँग सहकार्य गर्दै आएको छ। सेभा फाउन्डेसन, डाक नेपाललगायतका अन्तर्राष्ट्रिय दातृ निकायको सहयोगमा नेपाल नेत्रज्योति सङ्घको केन्द्रीय र प्रदेश समिति एवं लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थान तथा अनुसन्धान केन्द्रको मार्गनिर्देशनबमोजिम गुणस्तरीय सेवा प्रदान गरिएको नेपाल नेत्रज्योति सङ्घ गुल्मीका सभापति अखिलेश्वरप्रसाद पाण्डेयले बताउनुभयो।

जिल्ला आँखा उपचार तथा शल्यक्रिया केन्द्रमार्फत गत वर्ष १३ हजार ४० जनालाई ओपिडी सेवा र ३९ जनाको माइनर अपरेसन गरिएको छ। प्रत्येक महिना ११ र १२ गते हुने मासिक आँखा अपरेसन सेवा ३०६ जनालाई प्रदान गरेको प्रतिवेदनमा उल्लेख छ।

# भिडन्तमा एक जनाको मृत्यु

**नेपालगन्ज समाचारदाता**
*नेपालगन्ज, माघ २८ गते*

बाँकेको बैजनाथमा भएको 'ग्याङ फाइट' मा खुकुरी प्रहारबाट घाइते भएका एक जनाको मृत्यु भएको छ। बैजनाथ गाउँपालिका–८ स्थित पुष्पनगर बिचलाइनमा भएको 'ग्याङ फाइट' मा खुकुरी प्रहारबाट घाइते भएका स्थानीय दिनेश रोकायाको मृत्यु भएको प्रहरीले जनाएको छ। रोकायाको उपचारका क्रममा भारतको लखनउमा मृत्यु भएको हो।

जिल्ला प्रहरी कार्यालय बाँकेका अनुसार स्थानीय सुवास बुढाको बिहेपछि दुलही भित्र्याउने क्रममा रमाइलो चलिरहेको अवस्थामा मदिरा पिएका युवाबिच 'ग्याङ फाइट' भएको थियो। दुलही भित्र्याएपछि नाचगान चलिरहेको समयमा एक्कासि दुलाहाका भिनाजु नाता पर्ने रामबहादुर रानाको समूह र छिमेकी युवक दिनेश रोकायाको समूहबिच विवाद बढ्दै जाँदा कुटपिट भएको थियो। दुईपक्षीय कुटपिटका क्रममा रानाको खुकुरी प्रहारबाट दिनेश गम्भीर घाइते भएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय बाँकेका प्रहरी प्रवक्ता डिएसपी आयुषप्रसाद जोशीका अनुसार २५ वर्षीय दिनेश रोकायाको भारतको लखनउमा उपचारका क्रममा आइतबार मृत्यु भएको हो। घाइते अन्य पाँच जनाको मेडिकल कलेज कोहलपुरमा उपचार भइरहेको उहाँले बताउनुभयो।

डिएसपी जोशीका अनुसार प्रहरीले हत्यामा संलग्न रहेको आरोपमा दुलाहाका भिनाजु सोही गाउँपालिका–२ बस्ने ३५ वर्षीय रामबहादुर रानासहित छ जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा बैजनाथ–२ की ३० वर्षीय मनीषा राना, बैजनाथ–६ का १८ वर्षीय भिजन नेपाली, जाजरकोट शिवालय–७ घर भई बैजनाथमा पाहुना आएका २९ वर्षीय हिमबहादुर बुढा, दाङ बबई गाउँपालिका–६ घर भई पाहुना आएकी २७ वर्षीय अमृता डाँगी र बैजनाथ–८ का १८ वर्षीय सुजन बुढा रहेका छन्। दुई समूहको लडाइँपछि भागदौड मच्चिएको थियो। दिउँसोदेखि नै मदिरा खाइरहेका दुई समूहबिच विवाद बढेपछि मारकाटको रूप लिएको स्थानीयले बताएका छन्।

**श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौँबाट जारी भएको तपसिलमा उल्लिखित प्रतिवादीका नाममा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १९७(५) बमोजिमको जानकारी/सूचना**
**प्रकाशन मिति : २०८१।१०।२९** **मुद्दा नं. ०८०-DR-०१४३/३१५**

वादी **ग्लोबल आइएमई बैंक लि.** र प्रतिवादी **द साइनिङ पाथ एकाडेमी प्रा.लि.** समेत भएको ऋण असुली मुद्दा यस न्यायाधिकरणबाट मिति २०८१।०३।०५ मा एकतर्फी फैसला भएको र उक्त फैसलाको जानकारीका लागि जारी भएको सूचना बेपत्ते तामेली भएकाले मिति २०८१।१०।२० मा भएको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ।
कम्पनी रजिस्ट्रारको कार्यालयको द.नं.२७०४२/०६०/६१ मिति २०६०।१०।१३ मा २८९३५/०७३/७४ मिति २०७३।०८।२९ मा झापा जिल्ला, लखनपुर गा.वि.स. वडा नं.४ गेउरिया परिवर्तित कमल गाउँपालिका वडा नं.६ ठेगाना भएको ऋणी **द साईनिङ पाथ एकाडेमी प्रा.लि.** ...............१
तुलसी प्रसाद सापकोटाकी बुहारी, जिवन सापकोटाकी पत्नी, महानन्द बरालकी छोरी, पाँचथर जिल्ला, नवमीडाँडा गा.वि.स. वडा नं.२ परिवर्तित पाँचथर जिल्ला, फाल्गुनन्द गाउँपालिका वडा नं.१ नागरिकताको ठेगाना र झापा जिल्ला, दमक न.पा. वडा नं. ८ जमानत तमसुकमा उल्लिखित ठेगाना हुनुभएका व्यक्तिगत जमानत कर्ता **कल्पना बराल** (ना.प्र.नं.१३८१०, जारी मिति २०५५/०७/०९, जि.प्र.का., पाँचथर) ...............२

## Re-Invitation for Electronic Bids

**तामाजन्य कवाडी सामान एरियल, पावर, यु.जी. केवल आदिका टुक्रा (Scrap Copper Cable and Battery Copper Strip) हरूको लिलाम बिक्री सम्बन्धी पुनः बोलपत्र आह्वानको सूचना**

**(First Day of Publication 11 February, 2025)**

1. Nepal Telecom re-invites electronic bid from eligible bidders for Auction of Scrap Aerial, Power, UG Copper cable, and Battery Copper Strip through single stage single envelope procedure for the following bid :

| S. N. | Description | Minimum Amount to be Quoted (with VAT) NRs. | Bid Document Fee (non-refundable) NRs. | Bid Security Amount NRs. | Last Date & Time of Submission | Bid opening Date & Time |
|---|---|---|---|---|---|---|
| 1. | IFB No. NDCL/ PD-KTM/RE-NCB/03/081-82 | 15,30,40,566.90 | 25,000.00 | 10% of Quoted Amount | 27th February 2025 12:00 Noon | 27th February 2025 1:00 PM |

2. A complete set of Bid Document may be downloaded for e-submission from PPMO's e-GP system at www.bolpatra.gov.np/egp. The Bidders shall submit their bid electronically and deposit above mentioned non- refundable fee in the bank account specified in bidding document.
3. In case, the last date of submission and opening of the Bid date happens to be an official holiday, the next working day will be deemed as the due date and time will remain same as stipulated.

**नेपाल टेलिकम**
**प्रादेशिक निर्देशनालय, काठमाडौँ**
**बागमती प्रदेश, त्रिपुरेश्वर, काठमाडौँ फोन नं. ०१-५३५२०३८, ५३२९११४**

पृष्ठ ९ को बाँकी

(ग) समावेशी समूहतर्फ लिखित परीक्षाबाट छनोट भएका उम्मेदवारले समावेशी समूहको प्राथमिकताक्रम रोज्न पाउनेछैनन्। उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहको आधारमा आयोगको प्रचलित व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ। एउटै व्यक्तिले एकभन्दा बढी समूहबाट प्रतिस्पर्धा गर्न पाउने अवस्था रहेछ भने निजले त्यस्ता समूहहरूमध्येबाट रोजेको कुनै एउटा समूहबाट मात्रै प्रतिस्पर्धा गर्न पाउनेछ।
(घ) खुला तथा समावेशी समूहतर्फ लिखित परीक्षाबाट सीप परीक्षण र अन्तर्वार्ताका लागि खुला र समावेशी समूहमा छनोट भएका उम्मेदवारलाई एक पटक मात्र सीप परीक्षण र अन्तर्वार्तामा सम्मिलित हुने गरी कार्यक्रम निर्धारण हुनेछ। सीप परीक्षण र अन्तर्वार्ताको प्राप्ताङ्क उम्मेदवार उत्तीर्ण भएको सबै समूह (खुला र समावेशी) मा गणना गरिनेछ।
(ङ) सबै चरणको परीक्षा पश्चात् प्राप्त हुन आएको योग्यता क्रम (Merit Order) र उम्मेदवारले रोजेको कार्यालयको प्राथमिकता क्रम (Priority Order) अनुसार नियुक्तिको लागि सिफारिस गरिनेछ।

**समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारका लागि विशेष निर्देशन**

समावेशी समूह तर्फका पदहरूमा दरखास्त दिन चाहने उम्मेदवारले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरू तयार गरी दरखास्त दिनुपर्नेछ। लिखित परीक्षाको नतिजाबाट सामूहिक परीक्षण तथा अन्तर्वार्ताका लागि छनोट भएपछि सामूहिक परीक्षण तथा अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरूको सक्कलसहित आफैँले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनुपर्नेछ। उल्लिखित कागजातहरू दरखास्तसाथ पेस नभएको पाइएमा जुनसकै बखत दरखास्त रद्द हुन सक्नेछ।
**(क) पिछडिएको क्षेत्रको हकमा:** कर्णाली प्रदेश निजामती सेवा नियमावली, २०८० को नियम ११ को उपनियम (१) बमोजिमका स्थानीय तहमा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नेपाली नागरिकताको प्रमाणपत्र र सम्बन्धित स्थानीय तहबाट हाल सोही स्थानमा बसोबास गरेको भन्ने व्यहोरा खुलेको प्रमाणित कागजात,
**(ख) अपाङ्गता भएका व्यक्तिको हकमा:** समाज कल्याण परिषद्बाट जारी भएको अपाङ्गता परिचयपत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको वर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचय पत्र।

**द्रष्टव्यः-**
(क) कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० बमोजिम समान तह/श्रेणीका पदमा उम्मेदवार बन्न पाउने व्यवस्था नभएकोले यस्ता उम्मेदवारले दरखास्त दिन पाउने छैनन्।
(ख) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनका लागि गणना गरिने छैन।
(ग) कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ९ को उपदफा (१) बमोजिम आरक्षणको सुविधा एक व्यक्तिले सेवा अवधिभरमा अधिकृत स्तर वा सहायक स्तरको पदमा एक पटक मात्र लिन पाउनेछ।
(घ) आयोगद्वारा तोकिएको म्यादभित्र पेस नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।
(ङ) लिखित परीक्षाको हकमा सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनुभन्दा कम्तीमा ५ (पाँच) दिन अगावै आयोगमा लिखित निवेदन दिनुपर्नेछ।
(च) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनुभन्दा अगाडि शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, खुलातर्फ दरखास्त दिने उम्मेदवारका लागि पेस गर्नुपर्ने भनी उल्लेख गरिएका कागजातहरूको सक्कलका साथै सो को १/१ प्रति प्रतिलिपि उम्मेदवार स्वयंले प्रमाणित गरी अनिवार्य रूपमा पेस गर्नुपर्नेछ।
(छ) लिखित परीक्षामा परीक्षार्थीले अनिवार्य रूपमा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।
(ज) सूचनामा उल्लिखित विषय बाहेक अन्य विषयहरू प्रदेश लोक सेवा आयोग ऐन, नियमावली तथा निर्देशिका बमोजिम हुनेछ।
(झ) दरखास्त भर्ने तरिका सम्बन्धी जानकारीका लागि वेबसाइटमा राखिएको User Manual हेर्न सकिनेछ।
(ञ) पाठ्यक्रम आयोगको वेबसाइट **https://ppsc.karnali.gov.np/course** बाट प्राप्त गर्न सकिनेछ।

**थप जानकारीका लागि**
**सम्पर्क नम्बर:** ०८३-५९०३०० र ०८३-५९०३०६
**Website:** ppsc.karnali.gov.np, **Email:** ppsckarnali@gmail.com/info.ppsc@karnali.gov.np

**श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौँबाट जारी भएको तपसिलमा उल्लिखित प्रतिवादीका नाममा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १९७(५) बमोजिमको जानकारी/सूचना**
**प्रकाशन मिति : २०८१।१०।२९** **मुद्दा नं. ०७९-DR-०१३०/३१९**

वादी **गोर्खाज फाइनान्स लि.** र प्रतिवादी **बिर बहादुर माझी** समेत भएको ऋण असुली मुद्दा यस न्यायाधिकरणबाट मिति २०८१।०३।१२ मा एकतर्फी फैसला भएको र उक्त फैसलाको जानकारीका लागि जारी भएको सूचना मिति २०८१।०८।१८ मा बेपत्ते तामेली भएकाले मिति २०८१।१०।२० मा भएको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ।
घोक्रे माझीको नाति, सुरमान माझीको छोरा, रामेछाप जिल्ला, साविक सुकाजोर गा.वि.स. वडा नं. १ परिवर्तित रामेछाप नगरपालिका वडा नं. ७ हाल काठमाडौँ जिल्ला, बूढानीलकण्ठ न.पा. वडा नं. ११ कपन बस्ने ऋणी विर बहादुर माझी (ना.प्र.नं. ३९४०३ जि.प्र.का. रामेछाप) ...............१

**श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौँबाट जारी भएको तपसिलमा उल्लिखित प्रतिवादीका नाममा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १९७(५) बमोजिमको जानकारी/सूचना**
**प्रकाशन मिति : २०८१।१०।२९** **मुद्दा नं. ०७९-DR-०११२/२३१**

वादी **गोर्खाज फाइनान्स लि.** र प्रतिवादी **निरोज कोइराला** समेत भएको ऋण असुली मुद्दा यस न्यायाधिकरणबाट मिति २०८०।११।२९ मा एकतर्फी फैसला भएको र उक्त फैसलाको जानकारीका लागि जारी भएको सूचना मिति २०८१।०३।३० मा बेपत्ते तामेली भएकाले मिति २०८१।१०।२० मा भएको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ।
बल बहादुर क्षेत्रीको नाति, इन्द्र बहादुर क्षेत्रीको छोरा, सिराहा जिल्ला, साविक बस्तिपुर गा.वि.स. वडा नं.२ घर भई हाल काठमाडौँ जिल्ला, का.म.न.पा. वडा नं. १० बस्ने ऋणी **निरोज कोइराला** (ना.प्र.नं. ३२५२ इ.प्र.का. लहान) ...............१

**राष्ट्रिय बीमा कम्पनी लिमिटेड**
**रामशाह पथ, काठमाडौँ, नेपाल**
**गाडी लिलाम बढाबढको सिलबन्दी बोलपत्र/प्रस्ताव आह्वानको सूचना**
**(सूचना प्रकाशन मिति : २०८१/१०/२९ गते)**

यस राष्ट्रिय बीमा कम्पनी लिमिटेड, रामशाह पथ, काठमाडौँ, नेपालको प्राङ्गणमा रहेका ३ (तीन) वटा चार पाङ्ग्रे सवारी साधनहरू जे–जस्तो अवस्थामा रहेका छन् सोही अवस्थामा लिलाम बढाबढको प्रक्रियाबाट बिक्री गर्नुपर्ने भएको हुँदा लिलाम सकार गर्न चाहने इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले २०८१/११/१३ गते मध्याह्न १२:०० बजे समयावधिभित्र यस राष्ट्रिय बीमा कम्पनी लिमिटेड, रामशाह पथ, काठमाडौँ, नेपालमा सिलबन्दी बोलपत्र/प्रस्ताव पेश गर्न यो सूचना आह्वान गरिएको छ।
**थप जानकारीका लागि कम्पनीको** Website :www.rbcl.gov.np **र सूचना पाटीमा हेर्न सकिनेछ।**

**श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौँबाट जारी भएको तपसिलमा उल्लिखित प्रतिवादीका नाममा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १९७(५) बमोजिमको जानकारी/सूचना**
**प्रकाशन मिति : २०८१।१०।२९** **मुद्दा नं. ०८०-DR-००३४/३२७**

वादी **एनएमबि बैंक लि.** र प्रतिवादी **श्री जगन्नाथ सुगम एण्ड हेमन्त सपिङ्ग सेन्टर** समेत भएको ऋण असुली मुद्दा यस न्यायाधिकरणबाट मिति २०८१।०३।१८ मा एकतर्फी फैसला भएको र उक्त फैसलाको जानकारीका लागि जारी भएको सूचना मिति २०८१।०७।११ मा बेपत्ते तामेली भएकाले मिति २०८१।१०।२० मा भएको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ।
नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग विकास समिति शाखा कार्यालय डडेलधुरामा मिति २०६९।०४।०३ मा प्रा.फ.र.नं. १६/५४३/०६९/०७० मा दर्ता भई आन्तरिक राजस्व कार्यालय, महेन्द्रनगरबाट स्थायी लेखा नं. ३०५३३८७९४ प्राप्त गरी डडेलधुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ५ रजिस्टर्ड कार्यालय रहेको ऋणी **जगन्नाथ सुगम एण्ड हेमन्त सपिङ्ग सेन्टर** ...............१

**श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौँबाट जारी भएको तपसिलमा उल्लिखित प्रतिवादीका नाममा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १९७(५) बमोजिमको जानकारी/सूचना**
**प्रकाशन मिति : २०८१।१०।२९** **मुद्दा नं. ०८०-DR-०१७६/३३१**

वादी **एनएमबि बैंक लि.** र प्रतिवादी **सरोज कुमार साह** समेत भएको ऋण असुली मुद्दा यस न्यायाधिकरणबाट मिति २०८१।०३।१८ मा एकतर्फी फैसला भएको र उक्त फैसलाको जानकारीका लागि जारी भएको सूचना मिति २०८१।०९।२२ मा बेपत्ते तामेली भएकाले मिति २०८१।१०।२० मा भएको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ।
जीया लाल साहको नाति, गौरी शंकर साहको छोरा, मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं ११ को परिवर्तित विराटनगर म.न.पा. वडा नं. ८ स्थायी ठेगाना भई हाल काठमाडौँ जिल्ला, काठमाडौँ म.न.पा. वडा नं. २ बस्ने ऋणी **सरोज कुमार साह** (ना.प्र.नं.३६७८७, जारी मिति २०५४।१०।१४, जि.प्र.का., मोरङ) ...............१
राज कुमार साहकी छोरी, गौरी शंकर साहकी बुहारी, सरोज कुमार साहकी पत्नी, सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. ३ परिवर्तित वडा नं ४ स्थायी ठेगाना भई हाल काठमाडौँ जिल्ला, काठमाडौँ म.न.पा. वडा नं. २ बस्ने व्यक्तिगत जमानी कर्ता **अनिता कुमारी साह** (ना.प्र.नं.७६०८५१००, जारी मिति २०५५।०१।२०, जि.प्र.का., सप्तरी) ...............२

**श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौँबाट जारी भएको तपसिलमा उल्लिखित प्रतिवादीका नाममा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १९७(५) बमोजिमको जानकारी/सूचना**
**प्रकाशन मिति : २०८१।१०।२९** **मुद्दा नं. ०८०-DR-००९९/३२२**

वादी **ग्लोबल आइएमई बैंक लि.** र प्रतिवादी **भुमि अटोमोटिभस प्रा.लि.** समेत भएको ऋण असुली मुद्दा यस न्यायाधिकरणबाट मिति २०८१।०३।१३ मा एकतर्फी फैसला भएको र उक्त फैसलाको जानकारीका लागि जारी भएको सूचना बेपत्ते तामेली भएकाले मिति २०८१।१०।२० मा भएको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ।
कम्पनी रजिस्ट्रारको कार्यालय, त्रिपुरेश्वरको दर्ता नं.१७४५९५/०७४/०७५ मिति २०७४।०५।२१ मा मोरङ जिल्ला, विराटनगर महानगरपालिका वडा नं.३ पीपल चोकस्थित ऋणी **भुमि अटोमोटिभस प्रा.लि.** ...............१
मेहरचन्द बोहराको नाति, दिनदयाल बोहराको छोरा मोरङ जिल्ला, कटहरी गा.वि.स. वडा नं. ४ परिवर्तित कटहरी गा.पा. वडा नं. ३ रंगेली रोड बस्ने व्यक्तिगत जमानी कर्ता **कृष्ण कुमार बोहरा** (ना.प्र.नं.०५/१६९२०, जारी मिति २०४७।०५।२८, जि.प्र.का., मोरङ) ...............२
दिनदयाल बोहराको नाति, कृष्ण कुमार बोहराको छोरा, मोरङ जिल्ला, कटहरी गा.वि.स. वडा नं. ४ परिवर्तित कटहरी गा.पा. वडा नं. ३ रंगेली रोड बस्ने व्यक्तिगत जमानी कर्ता **भावेश बोहोरा** (ना.प्र.नं.०५-०१-६९-००७८६, जारी मिति २०६९।०१।०७, जि.प्र.का. मोरङ) ...............३